# स्थानीय राजपत्र

मिथिला नगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड मिथिला, माघ ७ गते, २०७४ साल संख्या २


## " मिथिलाको चाहना-घर घरमा सहाना " कार्यक्रम संञ्चालन कार्यबिधि २०७५

**__प्रस्तावना__:** नेपालको संविधानको मर्म र भाव अनुरूप मिथिला नगरपालिका क्षेत्रका महिला, बालबालिका, युवा, पछाडी पारिएका, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडा वर्ग, भिन्न क्षमता भएका व्यक्ति, लैंगिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सीप विकासका लागि सिपमूलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गर्दै "मिथिलाको चाहना-घर घरमा सहाना" भन्ने मुल नाराका साथ नगरपालिका क्षेत्रमा स्नातक उत्तीर्ण गर्ने छोरीहरुलाई प्रोत्साहन गर्दै अभिभावकलाई सम्मान गर्ने कार्यक्रमको थालनी गर्ने निर्देश नगरसभाको निर्णयबाट भए बमोजिम सो विषेश कार्यक्रम तर्जुमा गरी संचालन गर्न बान्छनीय भएकाले स्थानिय सरकारका हैसियतले स्थानीय संञ्चालान ऐन २०७४ को दफा १०२ (२) एवं नगरसभाने दिएको अधिकार भित्र रही **"मिथिलाको चाहना घर घरमा सहाना कार्यक्रम संञ्चालान कार्यबिधि, २०७५"** मिथिला नगरकार्यपालिकाको मिति २०७५/१/२ गते बसेको बैठकबाट स्वीकृति भई लागू गरिएको छ ।

१. **__संक्षिप्त नाम र प्रारम्भः__**

(१) यस कार्यबिधिको नाम "मिथिलाको चाहना- घर घरमा सहाना कार्यक्रम संञ्चालान कार्यबिधि, २०७५" रहेको छ ।

(२) यो कार्यबिधि मिथिला नगरपालिकाको क्षेत्र भरी लागु हुनेछ ।

(३) यो कार्यबिधि यहि २०७५ साल वैशाख २ गते आईतबार देखि लागु हुनेछ ।

मिथिला नगरपालिका

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :-

(क) "प्रमुख" भन्नाले मिथिला नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले मिथिला नगर कार्यपालिकाको उप-प्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका भन्नाले मिथिला नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मिथिला नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ।

(ङ) "वडा कार्यालय" भन्नाले मिथिला नगरपालिकाअन्तर्गत रहेको वडा समितिको वडा कार्यालयलाई सम्झनु पर्नेछ ।

(च) "नगरपालिका" भन्नाले मिथिला नगरपालिका सम्झनुपर्छ।

(छ) "लाभग्राही" भन्नाले मिथिला नगर क्षेत्रबाट स्नातक उतिर्ण गरेका छोरीहरु तथा तिनका अभिभावकलाई सम्झनु पर्दछ | मिथिला नगर क्षेत्रबाट स्नातक उतिर्ण छोरीहरु यसै नगर क्षेत्र भित्रको बुहारी भएको भए छोरी सरह सम्बोधन गर्न सकिनेछ ।

(ज) "आर्थिक ऐन" भन्नाले मिथिला नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्दछ ।

(झ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २००४ सम्झनु पर्छ ।

(ञ) "नियमावली" भन्नाले मिथिला नगरको कार्य विभाजन तथा कार्य विभाजन तथा कार्य सम्पादन नियमावली लगायत नगर कार्यपालिकाबाट जारी नियमावलीहरु सम्झनु पर्छ।

(ट) "प्रचलित कानुन" भन्नाले नेपाल सरकारको सार्बजनिक खरिद ऐन तथा नियमावली, नेपाल सरकारले समय समयमा जारी गरेका सम्बन्धित ऐन, नगर सभाले जारि गरेका ऐन, नियम, निर्देशिका तथा कार्यबिधि समेत सम्झनु पर्छ।

(ठ) "नगरसभा" भन्नाले नेपालको संविधानको धारा २१८ बमोजिमको सभा सम्झनु पर्छ ।

(ड) "कार्यबिधि" भन्नाले नगरसभा तथा नगर कार्यपालिकाले तर्जुमा गरि जारी भएका विभिन्न कार्यबिधि सम्झनु पर्छ।

(ढ) "कार्यकम" भन्नाले मिथिलाको चाहना-घर घरमा सहाना कार्यक्रम बुझ्नु पर्नेछ।

(ण) "साझेदार" भन्नाले मिथिला नगरपालिकासंग भएको सम्झौता बमोजिम नगद जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय वा बहुपक्षीय दातृ निकाय / संस्था सम्झनु पर्छ ।

(त) "विनियोजन ऐन' भन्नाले मिथिला नगरपालिकाको विनियोजन ऐन सम्झनु पर्दछ ।

(थ) "विषयगत शाखा' भन्नाले मिथिला नगरपालिका मातहतमा आएका विषयगत शाखाहरु सम्झनु पर्दछ ।

३. **<u>कार्यबिधिको उद्देश्य:</u>** यस कार्यबिधिको उद्देश्य देहाय बमोजिम रहेको छ:

(क) मिथिला नगरपालिका क्षेत्रभित्रबाट स्नातक उत्तीर्ण गरी स्नातकोत्तर अध्ययन गर्ने/गरी रहेका छोरिलाई शैक्षिक सहायता प्रदान गर्ने। मिथिला नगर क्षेत्रबाट स्नातक उतिर्ण छोरीहरु यसै नगर क्षेत्र भित्रको बुहारी भएको भए छोरी सरह सम्बोधन गर्न सकिनेछ ।

(ख) छोरी तथा बुहारीहरुलाई पढाउन अविभावकलाई उत्प्ररित गर्ने,

(ग) अविभावकहरुलाई सम्मान तथा आभिनन्दन गर्ने,

(घ) मिथिला नगरपालिकाको समग्र शैक्षिक अवस्था सुदृढ पार्ने,

(ङ) बालविवाह, अनमेल विवाह तथा दाइजो प्रथा निरुत्साहित हुने ।

(च) छोरी प्रति हेर्ने दृष्टिकोणमा सुधार हुने

(छ) अविवाहित छोरीले स्नातक उतिर्ण हुदा समेत विवाह नगदी परिपक्कतामा वृद्धि भई छोरीहरुको स्वास्थ्य, प्रजनन स्वास्थ्यमा सुधार लगायत जनसंख्या वृद्धि दरमा ह्रास आउने, परिपक्कतामा भएर बिहे भएको समाज उन्नत र प्रगति उन्मुख हुने हुदा यसले सिंगो राष्ट्रलाई नै योगदान दिन सक्ने ।

४. **<u>कार्यबिधिको कार्यक्षेत्र:</u>** यस कार्यबिधिको कार्यक्षेत्र हाल कायम रहेको मिथिला नगरपालिकाको सम्पूर्ण क्षेत्रभर रहनेछ ।

५. **<u>कार्यक्रमभित्र समेटिने उप कार्यक्रमहरु:</u>**

१. छात्रावृति प्रदान
२. सम्मान तथा उत्प्रेरणा अभिवृद्धि
३. अविभावक सम्मान
४. स्थानीय आवश्यकता अनुसार नगरपालिकाले निर्णय गरेको कुनै खास कार्यक्रम

**<u>५.१. छात्रवृति प्रदान</u>**

(१) मिथिला नगरपालिका भित्र स्थायी बसोवास भई स्नातक उत्तीर्ण गरी स्नातकोत्तर गर्न वा अध्ययनरत छोरीहरुलाई सहयोग (छात्रावृति) स्वरूप प्रति महिना रु. ५०० का दरले एकमुष्ट रुपमा रु. ६००० /- (छ हजार) उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिमको सुविधा लिन देहाय बमोजिमको कागजात प्रमाण पेश गर्नुपर्ने छ:

क) स्नातक उत्तिर्ण गरेको प्रमाणपत्र ।
ख) स्नातकोत्तरमा भर्ना भएको प्रमाण तथा अध्ययनरत संस्थाको सिफारिस
ग) वैवाहिक स्थिति खुल्ने निवेदन
घ) नागरिकता प्रमाणपत्रको प्रतिनिपि
ङ) बसाई सराई आई स्थायी बसोवास भए सो को प्रमाणपत्र
च) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
छ) तोकिएको अनुसूचि (१) अनुसारको आवेदन फारम।

मिथिला नगरपालिका

### ५.२. सम्मान तथा उत्प्रेरणा अभिवृद्धि

(१) मिथिला नगरपालिका भित्र स्वायी बसोबास भएका छोरी तथा बुहारीहरुलाई सम्मान तथा छोरी पठाई देशले लिएको शिक्षा नीति तथा नगरपालिकाको शैक्षिक अवस्था उच्च बनाउन सम्मान तथा उत्प्रेरणा अभिवृद्धि गरिने छ।

(२) उपदफा (१) बमोजिम सम्मान तथा उत्प्रेरणा कार्यक्रममा सामेल हुन देहाय बमोजिमको कागजात प्रमाण पेश गर्नुपर्ने छ।

- (क) स्नातक उतिर्ण गरेको प्रमाणपत्र।
- (ख) नागरिकता प्रमणपत्रको प्रतिलिपि
- (ग) बसाई सराई आई स्थायी बसोबास भए सो को प्रमाणपत्र
- (घ) सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र
- (ङ) तोडिएको अनुसूचि अनुसारको आवेदन फाराम ।

### ५.३. अविभावक सम्मान

(१) मिथिला नगरपालिका भित्र स्थायी बसोबास भई आफ्ना छोरीहरुलाई स्नातक उत्तीर्ण गराउने अविभावकहरुलाई सम्मान कार्यक्रम सन्चालन गरिने छ। त्यसको लागि नगर क्षेत्रबाट आफ्ना छोरीहरुलाई उत्तीर्ण गराउने अभिभावकको तथ्यांक तथा सिफारिस वडा कार्यालयहरु मार्फत लिइने छ । यस प्रकार विवरण प्राप्त भएपछि तथ्यांक एकिन गरि सम्मान तथा प्रमाणपत्र उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रममा भाग लिन देहाय बमोजिमको कागजात प्रमाण पेश गर्नुपर्ने छ।

- (क) तोकिएका ढाँचा अनुसारको निवेदन
- (ख) छोरीले स्नातक उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
- (ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा नाता खुल्ने कागजात
- (घ) बसाई सराई आई स्थायी बसोबास भए सो को प्रमाणपत्र
- (ङ) सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र

### ५. ४. स्थानीय आवश्यकता अनुसार नगरपालिकाले निर्णय गरेको कुनै खास कार्यक्रम

(१) स्नातक उत्तीर्ण गरी मिथिला नगरपालिका भित्र स्थायी बसोबास भएका छोरी तथा बुहारीहलाई विशेष आवश्यकता परेको देखिएमा नगरपालिकाले निर्णय गरी कार्यक्रम संचालन गर्न सक्नेछ । त्यसको लागि तथ्यांक संकलन वडा कार्यालय मार्फत गरिने छ । त्यसको अभिलेख राखिने छ । श्रोतको अवस्था हेरी निर्णय गरिने छ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि देहाय बमोजिमको कागजात प्रमाण पेश गर्नुपर्ने छ:

- क) तोकिएका ढाँचा अनुसारको निवेदन
- ख) छोरी तथा बुहारीले स्नातक उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
- ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा नाता खुल्ने प्रमाण
- घ) बसाई सराई पश्चातको स्थायी बसोबास भए सो को प्रमाणपत्र
- ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

मिथिला नगरपालिका

## ६. कार्यालयको अभिलेख व्यवस्थापन

(१) मिथित नगरपालिक, नगरकार्यपालिकाको कार्यालयमा सामाजिक विकास शाखालाई मिथिलाको चाहना-घर घरमा सहाना कार्यक्रमको फोकल युनिट तोकिने छ ।

(२) नगरपालिका क्षेत्रभित्रबाट स्नातक उत्तीर्ण गर्ने छोरीहरुको अभिलेख लिई निजका अविभावकहरुको समेत अभिलेख वडागत रुपमा रजिष्टरमा राखिने छ।

(३) मिथिलाको चाहना- घर घरमा सहाना कार्यक्रम संचालन कार्यबिधि अनुसारको खर्च प्रत्येक चौमासिक रुपमा सार्वजनिकिकरण गरी पारदर्शिता गरिनेछ ।

## ७. <u>कार्यक्रम संचालन तथा निर्णयप्र क्रियार भुक्तानी प्रक्रिया</u>

(१) मिथिला नगरपालिका कार्यालयको अगुवाईमा सामाजिक विकास शाखार्फत मिथिलाको चाहना- घर घरमा सहाना कार्यक्रम संचालन हुने छ ।

(२) आवश्कयताको पहिचान गरी नगरपालिका भित्रमा एउटै वा वडागत रुपमा कार्यक्रम संचालन गर्न सकिने छ ।

(३) कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने रकम विनियोजित बजेटबाट खर्च गरिने छ । तोकिएको बजेटको सीमा भित्र रही भुक्तानी तथा फरफारक गरिनेछ ।

मिथिला नगरपालिका

## अनुसूचि १

## छात्रवृत्ति माग आबेदन फाराम

श्रीमान् नगर प्रमुख ज्यू

मिथिला नगरकार्यपालिकाको कार्यालय, ढल्केबर, धनुषा ।

प्रस्तुत विषयमा त्यस नगरपालिकाले नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका स्नातक उत्तीण गर्ने छोरीहरुलाई छात्रवृत्ति वितरण गर्ने कार्यक्रम रहेको बुझिएको हुँदा म निवेदीका समेत सो कार्यक्रमको लक्षित वर्गमा समेटिने भएको हुँदा निम्न विवरण तथा कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु । लक्षित वर्गमा छनौट गरी नियमानसार छात्रवृत्ति उपलब्ध गराई पाऊँ ।

१. निबेदकको नाम थर: -
२. निबेदकको ठेगाना: -
३. बुवा आमाको नामथर: -
४. जन्म मिति: -
५. निबेदकको शैक्षिक योग्यता: -स्नातक उत्तीर्ण/ सो भन्दा माथि (चिन्ह लगाउने)
६. निबेदकको पेशा: -
७. निबेदकको उमेर
८. अभिभावकको पेशा: -
९. हाल अध्ययन गरी रहेको भए संस्थाको नाम: -
१०. अन्य विवरण केहि भए: -

निवेदीकाको हस्ताक्षर



मिथिला नगरपालिका

## अनुसूचि २

## विशेष कार्यक्रमको लागि निवेदनको ढाँचा

श्रीमान् नगर प्रमुख ज्यू

मिथिला नगरकार्यपालिकाको कार्यालय, ढल्केबर, धनुषा ।

प्रस्तुत विषयमा त्यस नगरपालिकाले नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका स्नातक उत्तीण गर्ने छोरी तथा बुहारीहरुलाई लक्षित गरी विशेष कार्यक्रम संचालन गर्ने भन्ने बुझिएको हुँदा म निवेदिका समेत सो कार्यक्रमको लक्षित वर्गमा समेटिने भएको हुँदा निम्न विवरण तथा कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु । लक्षित वर्गमा छनौट गरी नियमानसार छात्रवृत्ति उपलब्ध गराई पाऊँ ।

१. निबेदकको नाम थर: -
२. निबेदकको ठेगाना: -
३. बुवा आमाको नामथर: -
४. जन्म मिति: -
५. निबेदकको शैक्षिक योग्यता: -स्नातक उत्तीर्ण/ सो भन्दा माथि (चिन्ह लगाउने)
६. निबेदकको पेशा: -
७. निबेदकको उमेर
८. अभिभावकको पेशा: -
९. हाल अध्ययन गरी रहेको भए संस्थाको नाम: -
१०. अन्य विवरण केहि भए: -

निवेदीकाको हस्ताक्षर

मिथिला नगरपालिका

अनुसूचि ३

**स्नातक उत्तीर्ण गरेका छोरीको अभिलेख फारामको ढाँचा**

| सि.नं. | स्नातक उत्तीर्ण गर्ने छोरीको नाम | बुवाको नाम | आमाको नाम | स्थायी ठेगाना | हाल अध्ययन गरेको संस्थाको नाम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मिथिला नगरपालिका

अनुसूची ४

## स्नातक उत्तीर्ण गरेका आमा वा बुहारीहरुको अभिलेख फारामको ढाँचा

| सि.नं. | स्नातक उत्तीर्ण गर्ने बुहारी वा आमाको नाम नाम | बुवाको नाम | आमाको नाम | पतिको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

मिथिला नगरपालिका